# पाल्ही बहुमुखी क्याम्पस परासीको तेस्रो साधारण सभामा प्रस्तुत प्रतिवेदन
## २०७८/०७९

पाल्ही बहुमुखी क्याम्पसको पहिलो र दोस्रो साधारण सभा उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न भए पछि तेस्रो पटक क्याम्पसको आफ्नै प्राङ्गणमा सम्पन्न हुनलागेको तेस्रो वार्षिक साधारण सभा तथा अभिभावक भेलामा उपस्थित श्रद्धेय महानुभावहरुको बीच क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाएकोमा ज्यादै खुसी छु ।

पाल्ही बहुमुखी क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०४६ सालमा सम्बन्धन प्राप्त गरी व्यापक जनसहभागिताद्धारा २०४६ साल अशोज २ गते विधिवत रुपमा स्थापना भएको हो । यो क्याम्पस सदरमुकामको साथै ग्रामीण तराई क्षेत्रका दलित, आदिवासी, जनजाति, मुस्लीम, पिछडा बर्ग, गरीब एवं पिछडिएका समुदायका छोरा, छोरी, बुहारी लगायत विद्यार्थीहरुको निम्ति उच्च शिक्षा हासिल गर्ने एकमात्र सामुदायिक क्याम्पसको रुपमा स्थापित छ । आदर्श मा.वि. परासीको भवनमा मानविकि संकाय अन्तरगत प्रविणता प्रमाणपत्र तहको अध्ययन अध्यापन सुरु भएको यो क्याम्पस रामलक्ष्मण राइस मीलको गोदाम घरमा र त्यस पछि २०४९ सालमा रामग्राम नगरपालिका वार्ड नं.४ जीतपुरमा निर्माणाधिन आफ्नो भवनमा सरेको हो ।

वि.सं. २०४९ साल देखि मानविकी संकाय अन्तर्गत स्नातक तहको अध्ययन अध्यापन शुरुभएको र त्रिभुवन विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह विस्थापित हुन लागेको अवस्थामा वि.सं. २०५४ साल देखि उच्च माध्यमिक शिक्षा परिषद्‌बाट +२ अन्तर्गत बाणिज्य र शिक्षा संकायको सम्बन्धन पनि लिई सोको अध्ययन अध्यापन वि.सं. २०७४ सम्म भएको हो । शैक्षिक सत्र २०६०/०६१ देखि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई एकवर्षे बी.एड.कक्षा संचालन गर्दै आएकोमा वि.सं. २०७७ साल देखि मुलुक भरि त्रि.वि.ले भर्ना बन्द गरेको छ । शै.स. २०६३ /०६४ देखि ३ वर्षे बी.एड. एवं २०६६/०६७ देखि ३ वर्षे बी.बी.एस. कार्यकम संचालन हुदै आएकोमा समय सापेक्ष परिमार्जित भई हाल ४ वर्षे बी.एड र बी.बी.एस.कार्यकमहरु संचालन भईरहेको जानकारी गराउन चाहन्छु ।

पांच जना विषयगत सहायक प्राध्यापक र तीन जना कर्मचारीबाट शुरु भएको यस क्याम्पसमा हाल ११ जना पूर्णकालीन ७ जना आंसिक गरी १८ जना प्राध्यापकहरु, १ जना आंसिक, १ जना पूर्णकालीन गरी २ जना कर्मचारीहरु, १ जना चौकिदार र १ जना कार्यालय सहयोगी लगायत जम्मा २२ प्राध्यापक र कमर्चारीहरु कार्यरत रहेका छन । हाल यस क्याम्पसमा शिक्षा र ब्यवस्थापन संकायमा कमशः ३११ र ८७ गरी जम्मा ३९८ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

### १.क्याम्पसको भौतिक अवस्थाः

क) संरचनागत विकास

हाल यस क्याम्पसका पांच वटा भवनहरु रहेका छन् । ती भवनहरुका २४ वटा कक्षाकोठाहरु मध्ये हाल १८ वटा कक्षाकोठाहरु प्रयोगमा छन् र बाकी ६ वटा कक्षाकोठा भएको नवनिर्मित भवनमा फर्निचर र विद्युत वायरिङको अभावले प्रयोग गरिएको छैन् ।

क्याम्पसमा छात्रा र छात्रहरुकोलागि छुट्टा छुट्टै २ वटा शौचालय तत्कालिन संविधान सभा सदस्य माननीय बैजनाथ चौधरी र शिक्षा तथा सामाजिक विकास निर्देशनालय बुटवलको आर्थिक सहयोगमा निर्माण भइसकेको छ । क्याम्पसको प्रशासनिक भवन निर्माणाधिन रहेको छ । विश्वविद्यालय अनुदान आयोगको अवरोधको कारणले सो भवन निर्माणको काम रोकिएको कुरा यहांहरुलाई यहाँहरुलाई विधितै छ । यसको सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगसंग साकारात्मक कुराकानि भईरहेको र निकट भविस्यमा समस्या समाधान हुने देखिएको छ । पुस्तकालय भवन, क्यान्टीन, सभा हल, साईकल स्ट्याण्ड जस्ता संरचनाहरुको अभाव खडकिरहेको छ ।

**रामग्राम नगरपालिकाको सहयोगमा भएको संरचनागत विकासः**

- रामग्राम नगरपालिका र लूम्बिनी प्रदेश सरकारको समपुरक बजेटद्धारा ६ कोठे भवन निर्माण भएको ।
- क्याम्पसको प्राङ्गणमा निर्माणाधिन कम्पाउण्ड वाल हाल पुरा भईसकेको तर मुल गेट अधुरो रहेको ।
- क्याम्पसका भवनहरु रंगरोगन गर्नका लागि प्राप्त रु.पांच लाखबाट रंगरोगन भएको ।

### ख) शैक्षिक सामाग्री/ उपकरणहरुः

क्याम्पसको पठन पाठन गूणस्तरीय बनाउनको निम्ति सहयोग पूग्ने गरी विभिन्न महानूभाव र संघ संस्थाहरुबाट उपकरणहरु प्राप्त भएको छ । क्याम्पसको १५औं वार्षिकोत्सवमा प्रमुख अतिथिको रुपमा पाल्नु भएका तत्कालिन विश्वविद्यालय अनूदान आयोगका सदस्य सचिव डा.होमनाथ भट्टराईको सहयोगबाट विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा कम्प्यूटर, प्रिन्टर, फ्याक्स, डेक्स बेञ्च, पुस्तकालयमा फर्निचर र पुस्तक खरिद गरिएको हो । तर वि.स.२०७४ साल देखि आयोगले

यस क्याम्पसलाई भौतिक र उपकरण विकासमा आर्थिक अनुदान दिन बन्द गरेको छ । वि.सं.२०७५ मा रामग्राम नगरपालिकाले तीनवटा कम्प्यूटर उपलब्ध गराएको हो । लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय बुटवलको अनुदान सहयोगमा पांच थान कम्प्युटर, दुई थान प्रिन्टर, स्टेपलाईजर, ब्याट्री, इन्भर्टर, दराज, कम्प्यूटर टेबल कुर्सी, पानी टकी, फोटोकपि, प्रोजक्टर लगायतका उपकरणहरु खरिद गरिएको हो । क्याम्पसको पठन पाठनमा सुधार ल्याउन प्रत्येक कक्षाकोठाहरुमा स्मार्टबोडको आवश्यक्ता रहेकोमा गत वर्ष निर्देशनालयको सहयोगमा दुई वटा स्मार्टबोर्ड खरिद गरी प्रयोग गरिएको कुरा सहर्ष जानकारी गराउन चाहन्छु ।

**ग) खानेपानी :**

क्याम्पस स्थापना भए देखि खानेपानीका लागि हैण्डपाईपको पानी नै प्रयोग गरिदै आएकोमा विगत तीन वर्ष देखि सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय बुटलको अनुदान सहयोगमा विद्युतीय फिल्टर जडान गरी त्यही हैण्ड पाईपको पानी शुद्धिकरण गरी पिउनको निम्ति उपलब्ध गराइएको छ ।

**३) यातायातः**

रामग्राम नगरपालिकाको आर्थिक सहयोगमा क्याम्पसका विद्याथीहरुको निम्ति आवत जावत गर्नकालागि ४१ सीटको बस खरीद भईसकेको र विगत दुई महिना सम्म संचालन भएकोमा हाल बसभाडा उठ्न नसकेको कारण बस संचालनमा कठिनाई आईपरेको छ । आजको यस घडिमा उपस्थित अभिभावकज्यूहरुसंग क्याम्पस बस संचालनमा सक्रिय सहयोग गरी आफ्ना छोरी, बुहारीहरुलाई सुरक्षित तरिकाले क्याम्पससम्म आवत जावत गर्न गराउन अनुरोध गर्दछु ।

**ङ.) सिलिङ पंखा र लेक्चरबोर्ड /रोष्टम**

यस क्याम्पसका संचालक समितिका अध्यक्ष श्रीराधेश्याम पाठकज्यूद्वारा एउटा रोष्टम सहयोग प्राप्त भएको र त्यसै गरी संसरावल गाउपालिकाका तत्कालिन अध्यक्ष श्रीराधेश्याम चौधरीको सक्रियतामा सरावल गाउपालिकाद्वारा १० वटा सिलिङ फैन र १० वटा लेक्चरबोर्ड प्राप्ता भएको कुरा जानकारी गराउँदै क्याम्पसको आजीवन सदस्य श्रीसंभना चौधरीज्यूले ५ वटा सिलिङ पंख्खा साथै कार्यसमितिकी सदस्य श्रीरिङ्गला यादवले माछा पोखरीमा निशूल्क रुपमा मल उपलब्ध गराई क्याम्पसलाई ब्यक्तिगत रुपमा सहयोग गर्नु भएकोमा यहाँहरु सबैलाई क्याम्पसको तर्फबाट धन्यवाद् दिन चाहन्छौं ।

**२. क्याम्पसको शैक्षिक अवस्थाः**

आदरणीय क्याम्पस सभा सदस्य एवं अभिभावकज्यूहरु !

हाल क्याम्पसको शैक्षिक अवस्था सुधारोन्मुख छ । विगत वर्ष २०७६ र २०७७ को तुलनामा २०७८ मा विद्यार्थी भर्नाको सख्या सन्तोसजनक रुपमा वृद्धि भएको छ । वि.सं. २०७६ मा शिक्षा र ब्यवस्थापन संकाय अन्तरगत प्रथम वर्षमा छात्रा ६४ र छात्र ५० गरि जम्मा ११४ जना भर्ना भएका थिए भने २०७७ मा छात्रा ११६ र छात्र ३२ गरि जम्मा १४८ जना भर्ना भएका थिए । यसरी २०७८ को भर्ना दर हेर्दा ब्यवस्थापन संकायमा ४४ र शिक्षा संकायमा ११९ गरी जम्मा १६३ जना प्रथम वर्षमा भर्ना भएका छन् । हाल २०७९ मा भर्ना चलिरहेको छ । यस पटक यस क्षेत्रमा संचालित मा.वि.हरुमा +२ को नतिजा अनुसार उत्तिर्ण विद्यार्थीहरुको संख्या ज्यादै कम भएकोले भर्नादरमा असर पुग्न सक्ने देखिन्छ ।

वि.सं. २०७५ देखि २०७७ सम्ममा वार्षिक परीक्षामा सामेल भई उत्तीर्ण भएका नियमित विद्यार्थीहरुको विवरणः

| संकाय | २०७५ | | | २०७६ | | | २०७७ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सहभागी संख्या | पास संख्या | % | परीक्षामा सहभागी संख्या | पास संख्या | % | परीक्षामा सहभागी संख्या | पास संख्या | % | |
| बी.एड. | १२५ | २१ | १७ | १६० | ४३ | २७ | २२९ | ६८ | ३० | प्रथम वर्षको नतिजा प्रकाशन नभएको |
| बि.वि.एस | ६५ | १९ | २९ | ५३ | २० | ३८ | ५९ | २१ | ३६ | |
| एक बर्षे बी.एड. | १७ | १३ | ७६ | १७ | १३ | ७६ | ० | ० | ० | |

माथि उल्लेखित तालिकाबाट के प्रष्ट हुन आउछ भने बी.एड. तर्फ परीक्षामा सहभागी संख्या र उत्तिर्ण संख्या कमशः बृद्धि हुदै गएको छ । त्यसै गरी बी.बी.एसं तर्फ पनि उत्तिर्ण संख्या कमशः बृद्धि हुदै गएको देखिन्छ ।

*२०७९ मा निस्केको २०७८ सालको चौथो वर्षको परीक्षाको नतिजानुसार B.B.S. तर्फ ७३ प्रतिशत र B.Ed. तर्फ ४४ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण भएका छन् । यसका निम्ति यस क्याम्पसका सम्पूर्ण प्राध्यापक साथिहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।*

## ३.क्याम्पसको आर्थिक अवस्था:

यस क्याम्पसको आम्दानीका स्रोतहरु अन्तरगत मुख्य स्रोत विद्यार्थीबाट उठाईने शुल्क, मुद्दतीको रकमवाट आउने बैंक ब्याज र माछा पोखरी ठेक्का दिई वा माछा पालेर गर्ने आम्दानी मात्र यस क्याम्पसका आन्तरिक आम्दानीका स्रोतहरु हुन । बाह्य स्रोतको रुपमा विश्वविद्यालय अनुदान आयोगले प्रदान गर्ने नियमित अनुदान, शिक्षा तथा सामाजिक विकास निर्देशनालयबाट प्राप्त हुने अनुदान, डा.यादव प्रसाद पन्त विकास एवं अनुसन्धान प्रतिष्ठान काठमाण्डौद्वारा वार्षिक रुपमा प्राप्त हुने छात्रवृति अनुदान रकम, प्रकाशचन्द्र श्रेष्ठ एवं संजय शर्मा अक्षयकोषबाट प्राप्त हुने छात्रवृति र भौतिक विकास एवं शैक्षिक विकासका लागि सहयोग गर्ने रामग्राम नगरपालिका लगायत अन्य पालिकाहरुको गर्ने अनुदान सहयोग रहेको छ । यसका अतिरिक्त व्यक्ति विषेशबाट र क्याम्पस सभा सदस्यताबाट उठ्ने रकम पनि यस क्याम्पसका बाह्य आम्दानीका बलियो आर्थिक स्रोतहरु हुन ।

यस पाल्ही बहुमुखी क्याम्पसको पहलमा २०५१ सालमा गठितविगत मा उच्च शिक्षा आर्थिक ब्यवस्थापन समिति नवलपरासीबाट प्राप्त भईरहेकोमा उक्त समितिको आयश्रोत बन्द भएको कारण गत आ.ब.२०७८/०७९ देखि आर्थिक सहयोग बन्द भएकोछ । यस वर्ष माछा पोखरी पनि ठेक्कामा जान सकेन । रामग्राम नगरपालिकाले दिदै आएको पुस्ताकालयका लागि पुस्तक र मेयर छात्रवृति अनुदानको निरन्तरता रोकिएको छ । क्याम्पसको नतिजा उत्साहजनक भएकोले गत वर्ष विश्वविद्यालय आयोगले नियमित अनुदानको रकम बढाएर तेह्र लाख बयालिस हजार पुर्याएको थियो भने हालको वर्षमा पनि वार्षिक परीक्षाको नतिजा उत्साहजनक रहेकोले गतसालको झै नियमिति अनुदान प्राप्त हुने आशा छ । प्राध्यापक एवं कर्मचारीहरुले खाईपाई आएको वर्षौं पुरानो स्केलमा केही वृद्धि गरिएको र आंसिक समय कामगर्ने प्राध्यापकहरुको पारिश्रमिकमा संशोधन गरिएको छ । विगतका दिनहरुमा ८ महिना सम्मको पारिश्रमिक नपाएको अवस्था थियो भने हाल चार महिनाको तलब बांकी रहेको छ ।

## ४. क्याम्पसको बलियो पक्ष:

आदरणीय क्याम्पस सभा सदस्य एवं अभिभावकज्यूहरु !

विभिन्न समस्याका बाबजूद पनि यस पाल्ही बहुमुखी क्याम्पसका निम्नलिखित महत्वपुर्ण बलिया पक्षहरु रहेका छन् जसको उपयोग गरी क्याम्पसलाई अगाडि बढाउन सकिन्छ भन्ने विश्वास लिएको छु ।

१) रामग्राम नपा र सरावल तथा पाल्हीनन्दन गापा गरी तिनवटा स्थानीय तहको बीचमा एउटा मात्र सामुदायिक क्याम्पस हुनु ।
२) क्याम्पसको भौतिक संरचना विकास गर्न प्रयाप्त जग्गा (७–८–१५) हुनु ।
३) विद्यार्थी ओसार पसार गर्न रामग्राम नगरपालिको सहयोगमा क्याम्पस बसको ब्यवस्था हुनु ।
४) क्याम्पसको पुर्वतर्फको बाटोको किनारमा सटरहरु निर्माण भएमा स्थाई आयस्रोत प्राप्त गर्न सकिने ।
५) डा.यादव प्रसाद पन्त विकास एवं अनुसन्धान प्रतिष्ठानबाट वार्षिक रुपमा छात्रबृति प्राप्त हुनु ।
६) पुस्तक र क्षात्रवृतिको लागि रामग्राम नगरपालिकाबाट हुँदै आएको सहयोगको निरन्तरताको आस्वाशन पाउनु
७) अध्यापनका लागि प्रयाप्त कक्षा कोठा र पहिलेको तुलनामा शुद्ध खानेपानीको उपलब्धता ।
८)) वाई फाईको साथै सात वटा कक्षा कोठाहरुमा सी.सी.टी.भी.र दसवटा कक्षा कोठाहरुमा इन्भर्टरद्धारा समेत बत्तिको ब्यवस्था हुनु ।
९) विद्यार्थीहरुका लागि पाँचवटा कम्प्यूटरको ब्यवस्था हुनु ।

## ५. दुर्बल पक्ष:

१) विगतका वर्षहरुमा विद्यार्थीको संख्या वढेको भए पनि हाल आशातित मात्रामा बृद्धि नहुनु ।
२) विद्यार्थी अत्यधिक मात्रामा ड्रपआउट हुनु ।
३) क्याम्पसको प्राङ्गणमा स्टेडियम निर्माण गर्न माछा पोखरी पुरे पछि क्याम्पसको स्थाई आर्थिक श्रोत घट्नु ।
४) पुस्तकालय भवन, चमेना गृह, साईकल स्टैण्ड, वासकेट बल कोर्टको अभाव हुनु ।
५) सबै कक्षाकोठाहरुमा स्मार्टबोर्डको ब्यवस्था गर्न नसक्नु ।

यस क्याम्पसमा देखिएका समस्या एवं चुनौतिहरु निम्नानूसार रहेका छन् :
१) प्राध्यापक र कर्मचारीहरुलाई समय सापेक्ष एवं नियमित तलब दिन नसक्नु ।
२) बिद्यार्थी ड्रपआउट रोक्न नसक्नु ।
३) स्थाई आर्थिक स्रोत बन्द हुदै जानु र थप आर्थिक स्रोतको ब्यवस्था नहुनु ।
४) क्याम्पसको जग्गा क्याम्पसको नाममा दर्ता नहुनु ।
५). आर्थिक अभावले पूर्णकालिन प्राध्यापक र कर्मचारी नियूक्त गर्न नसक्नु ।

## ७. चुनौतिहरु सम्बोधन गर्ने भावी योजना :

क्याम्पसको समग्र विकासमा देखिएका समस्या तथा चूनौतिहरु यथोचित ढंगले सामना गर्दै नमुना क्याम्पसको रुपमा विकास गर्नका लागि यस क्याम्पसका भावि योजनाहरु यहांहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।
१. क्याम्पसले भोगचलन गर्दै आएको जग्गा दर्ता गराउने ।
२. रामग्राम नगरपालिकाको साथै सरावल र पाल्हीनन्दन गाउंपालिकासंग समन्वय र सहकार्य गरी आर्थिक श्रोत जुटाउने ।
३. उच्च शिक्षासूधार योजना (HERP) कार्यकम मार्फत प्राप्त हुने अनुदानको लागि पहल गर्ने ।
४. पठन पाठनमा सुधार ल्याउन सबै कक्षा कोठाहरुमा स्मार्टबोर्डको प्रयोग गर्ने गराउने ।
५. क्याम्पसमा पुस्तकालय, क्यानटिन, साईकल स्टैण्ड र बासकेट बल कोर्ट तथा सभा हल निर्माण गर्ने ।
६ क्याम्पसको बाहिरी कम्पाउण्डको पुर्वतफको बाटोको किनारमा सटरहरु निर्माण गराउने ।
७. भित्रि कम्पाउण्ड भन्दा बाहिर पनि फिल्डसुधार गरी आवश्यक संरचना निमार्ण गर्ने ।

## हालमा गरिएका केहि प्रयासहरु:

क) क्याम्पसको बहुआयामिक विकासको लागि पांच बर्षे रणनीतिक योजना २०२२-०२६ तयार भएको साथै क्याम्पस संचालन निर्देशिका २०७९ निर्माण भएको ।
ख) भित्रि प्राङ्गण भित्र फिल्ड सुधार गरी सुन्दरीकरणको पहिलो चरणको काम पुरा गरिएको ।
ग) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाण पत्र प्राप्त गर्न LoI दर्ता गराउन सफल भएको ।
घ) क्याम्पसमा आन्तरीक गुणस्तर सुनिश्चितता समिति (IQAC) शैक्षिक ब्यवस्थापन सूचना प्रणाली एकाइ (EMISU) र विद्यार्थी गुणस्तर सर्कल (SQC) गठन भई संचालनमा रहेको ।
ङ) रामग्राम नगरपालिकाको आर्थिक सहयोगमा क्याम्पसका भवनहरु रगंरोगन गरेको
च) शिक्षा तथा सामाजिक विकास निर्देशनालयको सहयोगमा दुईवटा स्मार्टबोर्ड खरिद गरी कक्षाकोठामा जडान गरेको ।

यसर्थ जसरी विभिन्न अवरोधको बाबजुद स्थानीय समाजसेवी, बुद्धजीवी, ब्यापारी, उद्योगपति, शिक्षाप्रेमीहरुको सकिय सहभागितामा क्याम्पसको स्थापना भएको थियो, त्यसै गरी आज सबैको सकियता, सहयोग, सहभागिता र समन्वमा स्थानीय तह र अन्य सरकारी तथा गैर सरकारी निकायहरुसंग सहकार्य गर्दै अगाडि बढन तथा क्याम्पसको संरक्षण र विकास गर्न सकिन्छ भन्ने आशा र विश्वास लिएको छु ।

आदरणीय महानूभावहरु:

अब म क्याम्पस संचालक समितिले पास गरेको आ.व. २०७९/०८० को अनूमानित आय ब्ययको विवरण यस गरिमामय क्याम्पस सभाबाट अनुमोदन गर्नको निम्ति यहांहरु समक्ष पेश गर्न चाहन्छु ।

## आ.व. २०७९/०८० को संशोधित अनुमानित आय व्यय विवरण:

### आय

| क.सं. | | विवरण | रकम |
|---|---|---|---|
| क | | आन्तरिक स्रोत | |
| | १ | विद्यार्थीको मासिक शुल्क( ४५०विधार्थी) बाट | ५४००००० |
| | २ | भर्ना शूल्क | २२५०००० |
| | ३ | चारित्रिक तथा स्थानान्तरण प्रमाण पत्रबाट | १८०००० |
| | ४ | पोखरी ठेक्काबाट | १५१००० |
| | ५ | बिविध आम्दानी | १००००० |
| | ६ | मुद्दत | ६१७५० |
| | ७ | वस भाडा | ३७०००० |
| ख | | बाह्य स्रोत | |
| | १ | UGC नियमितअनुदान | १३५००,००० |
| | २ | UGC वाट पुस्तक एवं फर्निचर अनुदान | १५००००० |
| | ३ | लुम्बिनी प्रदेश शिक्षा विकास निर्देशनालयबाट | १०००००० |
| | ४ | लुम्बिनी प्रदेश शिक्षा विकास निर्देशनालयबाट छात्रबृति | १३५००० |
| | ५ | डा. यादव प्रसाद पन्त विकास एव. अनुसन्धान प्रतिष्ठान काठमाण्डौ | ३६,००० |
| | ६ | रामग्राम न.पा.बाट छात्रबृतिसहयोग | २००,००० |
| | ७ | क्याम्पस सभा सदस्यता शूल्क | २५०,००० |
| ८ | | परीक्षा केन्द्रसेवा शूल्क | ११७०८८ |
| जम्मा | | | १३११८८३८ |

### व्यय

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | तलब पूर्णकालिन | ४६९५८६४ |
| २ | पारिश्रमिक आशिक | १०,००,००० |
| ३ | दशै खर्च | ३३७९१३ |
| | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकालागि अतिरिक्त समयमा काम गरेवापतको पारिश्रमिक | ६००००० |
| | प्रशासनिक खर्च | ३५०००० |
| | बस चालकको परिश्रमिक | १२०००० |
| | बसको निम्ति डिजल | २००००० |
| | यातायात कर एव मरम्मत खर्च | ५०००० |
| | छात्रबृति खर्च | ३८९००० |
| | EMIS (सूचना प्रविधि) | १,२०,००० |
| ४ | Strategic Plan (रणनीतिक योजनाखर्च) | १०,००० |
| ५ | अतिरिक्त कार्यक्रम खर्च | २५००० |
| ६ | अनुसन्धान खर्च | ४००,००० |
| ७ | आन्तरिक परीक्षा खर्च | ३०००० |
| ८ | पूस्तक र फर्निचर खरिद खर्च | १५,००,००० |
| ९ | उपकरण खरिद खर्च | १०००००० |
| १० | घर बिदा खर्च | ९३३१० |
| ११ | क्याम्पस सभा खर्च | १००००० |
| १२ | गत आ. ब. को बाकी तिर्नू पर्ने | २०९७७५१ |
| जम्मा | | १३११८८३८ |

अन्त्यमा यस क्याम्पसको चौतर्फी विकासकालागि अघि बढाईएका योजना तथा कार्यकमह्रु कार्यान्वयन गर्नमा यहांहरुको सकिय सहयोग र समर्थनको अपेक्षा गर्दै यहाँहरुमा यस क्याम्पस प्रतिको अभिरुचि बढदै जानेछ साथै क्याम्पससंग कायम हुन पुगेको आत्मीय सम्बन्ध प्रगाढ हुदै जानेछ भन्ने विश्वासका साथ अगामी दिनहरुमा माननिय विनोद चौधरीज्यू तथा यहाँका संस्थाहरुबाट क्याम्पसको चौचर्फी विकासको लागि अतुलनीय सहयोग अपेक्षा राख्दै रामग्राम नगरपालिकाको साथै पाल्हीनन्दन र सरावल गाउपालिकाबाट समेत यस क्याम्पसको शैक्षिक, आर्थिक र भौतिक विकासमा सहयोग प्राप्त हुने अपेक्षाकासाथ यस गरिमामय सभामा पाल्नुहुने प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य माननीय विनोद चौधरीज्यू, विशिष्ठ अतिथि लुम्बिनी प्रदेश सभासदस्य माननीय बैजनाथ जयसवालज्यू लगायत विशेष अतिथिज्यूहरु, अतिथीज्यूहरु तथा सम्पुर्ण विद्यार्थी, आदरणीय क्याम्पस सभासद् एवं अभिभावकज्युहरुलाई हार्दिक धन्वाद् दिदै बिदा हुन चाहन्छु । धन्यवाद् ।

कैलाश ठाकुर
क्याम्पस प्रमुख
२०७९।११। ८ गते

पाल्ही बहुमुखी क्याम्पस

परासी नवलपरासी

Cash Flow Statement

नगद प्रवाह विवरण

आ. व २०७८/०७९

| कोषको श्रोत | | कोषको उपयोग | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम रु |
| शुरुको बैंक तथा नगद मौज्दात | ७,३५९,८७३।०९ | स्थीर सम्पत्तीमा बृद्धी | ३,२२४,६०२।१६ |
| दायित्वमा वृद्धि | (२,९५०,२१६.००) | अग्रिम पेश्की तथा धरौटीमा वृद्धि | ४९०,०४५.०० |
| यस वर्षको वचत | ४,०५१,३०४.३८ | | - |
| | | अन्तिम बैंक तथा नगद मौज्दात | ४,७४६,३१४।३१ |
| जम्मा | ८,४६०,९६१।४७ | जम्मा | ८,४६०,९६१।४७ |

| | | | |
|---|---|---|---|
| फुल्नु पाण्डे | कैलाश ठाकुर | राधेश्याम पाठक | हेमराज खनाल |
| प्रशासकीय सहायक | क्याम्पस प्रमुख | अध्यक्ष | लेखापरीक्षक |